समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका

सिविस

बालश्रम अनुगमन तथा नियमन प्रणाली सम्बन्धी

# प्रशिक्षण निर्देशिका

| | | |
|---|---|---|
| विषय | : | बालश्रम अनुगमन तथा नियमन प्रणाली सम्बन्धि प्रशिक्षण निर्देशिका |
| लेखन | : | कमल चापागाईँ |
| लेखन सहयोग | : | कमल गुरागाईँ |
| सम्पादन | : | मीलन धरेल |
| सल्लाह सुझाव | : | युवराज घिमिरे |
| प्रकाशक | : | समाजसेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस) |
| | | फोन नं. : ४७८४५४५, ४७८०४४६ फ्याक्स : ४७८१३८६ |
| | | इमेल : info@cwish.org.np |
| | | वेव : www.cwish.org.np |
| सर्वाधिकार | : | प्रकाशकमा |
| फन्ट | : | श्रीनाथ बोल्ड (Shreenath Bold) |

समाजसेवा तथा मानवअधिकारमा महिला तथा बालबालिका (सिविस)
बालश्रम अनुगमन तथा नियमन प्रणाली संबन्धी
प्रशिक्षण निर्देशिका

परिचय

नेपालको संविधानले मौलिक हकहरूका साथै बालबालिकालाई विभिन्न किसिमका शोषणहरूबाट संरक्षण गर्ने कानुनी व्यवस्थाहरू गरेको छ । तथापि लाखौं बालबालिकाहरू हिंसा, शोषण, दुर्व्यवहार, हेला र भेदभावबाट पीडित हुनुका साथै उनीहरूका आधारभूत अधिकार समेत बाट बञ्चित छन् । धेरै बालबालिका सामना गर्ने नसक्ने परिस्थितिमा बाँचिरहेका छन् । बालबालिकाप्रति हुने घरायसी हिंसा र यौन हिंसा गम्भीर समस्याको रूपमा रहेको छ । जबकी सबै प्रकारका शोषण, हेला, दुर्व्यवहारबाट संरक्षित हुने बालबालिकाको अधिकार रहेको छ ।

बालबालिका सम्बन्धी ऐन २०४८ ले १४ वर्ष भन्दा मुनिका बालबालिकालाई काममा लगाउन नपाइने व्यवस्था गरेको छ । साथै १४ वर्ष भन्दा माथिका बालबालिकाहरूलाई काममा लगाउँदा पनि विभिन्न सुरक्षा र संरक्षणका उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था समेत गरेको छ । सम्पूर्ण कामदार बालबालिकाहरूको फोटो सहितको सम्पूर्ण विवरण सम्बन्धित जिल्ला बाल कल्याण समितिमा पेश गर्नु पर्ने दायित्व पनि काममा लगाउने माथि तोकिएको छ । राष्ट्रिय श्रम शक्ति सर्वेक्षण २००८ अनुसार नेपालमा २१ लाख ४० हजार भनदा बढि बालबालिकाहरू बालश्रममा रहेको देखिन्छ । नेपालमा रहेका बालश्रमिकहरू मध्ये ९ प्रतिशत मात्र औद्योगिक तथा ओपचारिक क्षेत्रमा रहेका छन् भने ४४ प्रतिशत श्रमिक बालबालिकाहरू कृषि तथा ४७ प्रतिशत गैरकृषि क्षेत्रमा रहेका छन् । बालश्रममा संलग्न रहेका अधिकांश बालबालिकाहरूले विभिन्न प्रकारका दुर्व्यवहारका साथै यौन दुर्व्यवहारबाट पीडित हुनु परेको तितो यथार्थ हाम्रो सामु विद्यमान छ । यौन शोषण, दुर्व्यवहार, बालश्रम बालअधिकारसँग सरोकार राख्ने प्रमुख विषयहरू हुन् । जसलाई रोक्न नेपाल सरकार र नागरिक समाजसँग सम्बन्धित संस्थाहरूले ठोस प्रयास गरिरहेका छन् । यस सम्बन्धी विभिन्न अध्ययनहरूले यौन दुर्व्यवहार घर, विद्यालय, समुदाय, काम गर्ने स्थान साथै सार्वजनिक स्थानहरूमा समेत हुने गरेको पाइएको छ । विभिन्न कारणले आफ्नो बाबुआमाबाट अलग रही रोजगारदाताको घरमा मात्र सिमित हुने गरी घरेलु श्रममा संलग्न रहेका बालबालिकाहरू यौन दुर्व्यवहारको दृष्टिकोणले अझ बढि जोखिममा रहेको सहज अनुमान गर्न सकिन्छ ।

नेपाल सरकारले औपचारिक वा व्यवसायिक क्षेत्रमा हुने यौन शोषण, दुर्व्यवहारलाई हटाउन प्रयास गरिरहेको भएता पनि अनौपचारिक क्षेत्रमा भने अझै प्रयास हुन बाँकी नै छ । नेपालको परिप्रेक्ष्यमा बालबालिकाको बेचबिखन र ओसार पसार नियन्त्रण गर्न जिल्ला स्तरमा विभिन्न समितिहरू गठन भएका छन् र यसको नियन्त्रणको लागि प्रयासहरू भएका छन् । तर, अनौपचारिक श्रम क्षेत्र (जस्तैः घरेलु बालश्रम) मा भने यस्ता प्रयासहरू रहेको पाइँदैन । नेपालको शहरी क्षेत्रमा मात्र ५६ हजार घरेलु

बालश्रमिकहरू रहेका छन् । अन्तर्राष्ट्रिय श्रम संगठन को convention १८२ ले घरेलु बालश्रमलाई निकृष्ट तहको बालश्रमको रूपमा परिभाषित भइसक्दा पनि यसको लागि सरकारको तर्फबाट कुनै पनि प्रयास नभएको अवस्था छ ।

स्थानीय तहमा बालश्रम अनुगमन र नियमनका लागि श्रम निरीक्षक, सम्बन्धित निकायका कर्मचारी तथा नागरिक समाजका कार्यकर्ताहरूको प्राविधिक क्षमता कम हुँदा बालश्रम निवारण तथा न्यूनिकरणका कार्यहरू प्रभावकारी हुन सकेको छैन । यसै परिवेशलाई सम्बोधन गर्न श्रम अनुगमतकर्ता तथा बालश्रममा कार्यरत नागरिक समाजका अभियानकर्ताको लागि क्षमता विकास गर्ने तालिम सञ्चालन गर्न यो निर्देशिका तयार पारिएका छ ।

**तालिमको उद्देश्य :** स्थानीय स्तरमा १५० जना व्यक्तिहरू (श्रमनिरिक्षक, बालश्रम तथा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैसस संस्थाका पदाधिकारीहरू) लाई बालश्रम अनुगमन तथा नियमनको कानुनी सामाजिक तथा प्रक्रियागत क्षेत्रमा प्रशिक्षित गरी बालश्रम अनुगमन र नियमनमा परिचालन गर्ने ।

**तालिमका सहभागी :** यस तालिमका सहभागीहरू श्रम निरीक्षकहरू, बालअधिकार अधिकृत, महिला बालबालिका विकास अधिकृत, नेपाल प्रहरी महिला बालबालिका सेवा केन्द्रका कर्मचारी, ट्रेड युनियन कार्यकर्ताहरू, स्थानीय निकायका महिला र बालबालिकाका जिम्मेवारी, बालश्रमका क्षेत्रमा समाचार संकलन तथा सम्प्रेषण गर्ने सञ्चार कर्मी र बालअधिकारका क्षेत्रमा क्रियाशिल सामाजिक तथा मानवअधिकारकर्मी कार्यकर्ताहरू हुनेछन् ।

**तालिम अवधि :** यो तालिमको कुल अवधि ११ घण्टा ५० मिनेट (उद्घाटन, परिचय, खाना समय बाहेक) को रहनेछ ।

**सहजकर्ताको लागि सुझाव :**

- तालिमलाई रोचक र सहभागीमूलक बनाउनुका साथै सहभागहिरूलाई विषयमा छलफल गर्ने वातावरणको सृजना गर्न र सहभागीहरूको ध्यान केन्द्रित गर्न तालिमको सेसन शुरू गर्नु पूर्व सबै जना सहभागीहरूको समान सहभागिता रहने गरी कुनै रमाइलो क्रियाकलाप गराउनु राम्रो हुन्छ । (जस्तैः गीत, कविता, खेल आदि)
- सहभागीहरूलाई तालिमको उद्देश्य र छलफलमा आउने विषयवस्तुहरूको बारेमा स्पष्ट जानकारी दिनु पर्दछ ।
- विषयवस्तुहरूको प्रस्तुती र छलफलपश्चात् सो बारे सहभागीहरूको बुझाइको स्तर कस्तो रह्यो, उनीहरूको लागि उपयोगी भयो भएन वा सो विषयबारे सहभागीहरूको

धारणा पत्ता लगाउने । यसको लागि प्रश्नोत्तर वा अन्य कुनै विधिको प्रयोग गर्न सकिन्छ ।

- यस तालिमको अघिल्लो सेसन सँग पछिल्लो सेसन जोडिएर जान्छन् भन्ने कुरामा सहजकर्ता सचेत हुनु पर्छ । त्यसैले पछिल्लो सेसन शुरू गर्नु पूर्व अघिल्लो सेसन र यस यस सेसनको विषयवस्तु बीचको सम्बन्ध बताउनु पर्छ ।
- साथै यस सेसनको अन्त गर्ने समयमा यस सेसनमा के के विषवस्तुमा छलफल गरियो भनी संक्षेपीकरण गर्नुका साथै त्यस पछाडिको सेसनमा कुन विषयमा छलफल गरिन्छ सो को जानकारी गराउनु पर्छ । सहजकर्ताले ध्यान दिनुपर्ने मुख्य कुरा भनेको नै एक विषय र अर्को विषयबीचको सामिप्यता र औचित्यता दर्शाउनु हो ।
- प्रत्येक विषयवस्तु र सहजकर्ताको लागि भनेर लेखिएको अन्तरसम्बन्ध स्पष्टसँग जोड्दै जानुपर्छ । जसबाट सहभागीलाई यी प्रत्येक विषवस्तु अलग हुन् र यिनीहरूबीच सम्बन्ध छैन भन्ने भान नपरोस् ।
- तालिम हलमा जानुभन्दा पहिले यस निर्देशिकामा उल्लेख भएका क्रियाकलाप र विधिबारे पूर्व अभ्यास र तयारी गर्नुपर्छ ।
- निर्देशिकामा उल्लेख भएका विधिहरूको प्रयोग गर्दा आफू पहिले प्रष्ट हुनुपर्छ ।
- तालिम हलमा जानु पूर्व आफूलाई आवश्यक पर्ने सामग्रीहरू तयार पार्नुपर्छ र आफूले तयार पारेको सामग्रीहरू छुटे नछुटेको बारे जाँच गर्नुपर्छ ।
- सहभागीलाई प्रश्न सोधिसकेपछि उत्तर सोच्नका लागि केही समय दिनुपर्छ । तुरून्त अर्को प्रश्न सोध्ने वा आफैले उत्तर दिने गर्नु हुदैन ।
- समूह कार्य दिँदा समूह छलफल भइरहेको समयमा बीच बीचमा गएर छलफल कसरी अगाडि बढिरहेको छ नियमित अनुगमन गर्नुपर्दछ ।
- प्रत्येक सहभागीलाई समान रूपमा सक्रिय सहभागी हुने विधिको छनौट गर्न सहजकर्ता स्वतन्त्र छ । त्यसैले त्यसता विधिहरूको प्रयोग गर्नुपर्छ । जस्तै : कम बोल्ने सहभागी ।
- निर्धारित समय मै सेसन शुरू गर्नुपर्छ र निर्धारित समयमै सेसनको अन्त गर्नुपर्छ ।

बालश्रम अनुगमन तथा नियमन प्रणाली संबन्धी प्रशिक्षण निर्देशिका निर्माण

| सत्र | विषयवस्तु | समय | विधि |
|---|---|---|---|
| १ | बालअधिकार र बालश्रम | ९० मिनेट | समूह छलफल, टिपोट, प्रस्तुतीकरण, लघु प्रवचन |
| २ | बालश्रमका कारण र परिणामहरू | ९० मिनेट | Problem Tree, प्रस्तुतीकरण, लघुप्रवचन |
| ३ | बालश्रमको क्षेत्र, अवस्था र कार्यक्रमहरू | ९० मिनेट | समूह छलफल, लघुप्रवचन |
| ४ | बालश्रम सम्बन्धी नीति, नियम तथा कार्यक्रमहरू | ७५ मिनेट | चिठ्ठा विधि, छलफल, लघुप्रवचन |
| ५ | बालश्रम अनुगमन तथा नियमन कार्यविधि | १२० मिनेट | खुला छलफल, लघुप्रवचन |
| ६ | बालश्रम अनुगमन तथा नियमन कार्यविधिको नमूना अभ्यास | १२० मिनेट | अभ्यास |
| ७ | सहकार्य र समन्वय | ४५ मिनेट | समूह छलफल, टिपोट, प्रस्तुती र लघुप्रवचन |
| ८ | कार्ययोजना | ६० मिनेट | समूह अभ्यास |
| ९ | प्रशिक्षण कार्यक्रमको समिक्षा | २० मिनेट | प्रश्नावली |
| १० | समापन | | |

# खण्ड १

## सत्र : बालअधिकार र बालश्रम

**उद्देश्य** : सहभागीहरूले बालअधिकार, बालकाम, बालश्रम, जोखिमयुक्त बालश्रम र निकृष्ट प्रकारका बालश्रमहरूको बारेमा बताउन सक्नेछन् ।

समय : ९० मिनेट

विधि : समूह छलफल, टिपोट, प्रस्तुतीकरण र लघुप्रवचन

सन्दर्भ सामग्री : बालअधिकारको परिभाषा र बालअधिकारका सिद्धान्तहरू, बालकाम, बालश्रम, जोखियुक्त बालश्रम र निकृष्ट प्रकारका बालश्रमको परिभाषाहरू ।

प्रशिक्षण सामग्री : न्यूजप्रिन्ट, मार्कर, पेपर टेप

**क्रियाकलाप :**

- सहभागीहरूलाई ५ ओटा भिन्ना भिन्नै समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई १० मिनेटको समय दिइ उल्लेखित विषयमा छलफल गरी टिपोट गर्न लगाउने ।
    - समूह १ को लागि बालअधिकार भनेको के हो ? बालअधिकारका चार भाग र बालअधिकारका सिद्धान्तहरू के के हुन् ?
    - समूह २ को लागि बालकाम के हो? के होइन ? के बालकाम अमान्य हुन्छ वा हुदैन ? किन ?
    - समूह ३ को लागि बालश्रम भनेको के हो ? बालश्रम अमान्य हुनुका कारणहरू के के हुन् ?
    - समूह ४ को लागि जोखिमयुक्त बालश्रम भनेको के हो ? कस्तो कस्तो अवस्थामा जोखिमयुक्त बालश्रम हुने गर्दछ ?
    - समूह ५ को लागि निकृष्ट प्रकारको बालश्रम भनेको के हो ? कस्तो कस्तो अवस्थामा बालश्रम निकृष्ट प्रकारको हुन्छ ?
- समूहकार्य पश्चात् सबै समूहलाई प्रस्तुती गर्न लगाउने । प्रस्तुतीकरणको लागि अधिकतम ५ मिनेटको समय दिने र प्रस्तुती पछि छलफल चलाउने ।
- प्रशिक्षकले सन्दर्भ सामग्रीहरूको प्रयोग गर्दै माथिका विषयहरूमा प्रष्ट पार्ने ।

## **सत्र** : बालश्रमका कारण र परिणामहरू

**उद्देश्य** :

- सहभागीहरूले बालबालिका श्रममा संलग्न हुनुपर्ने कारण र यसले बालबालिकाको व्यक्तिगत जीवन र समाजमा पार्ने अवसरहरूको बारेमा बतान बताउन सक्नेछन् ।

समय : ९० मिनेट

विधि : Problem Tree, प्रस्तुतीकरण, लघुप्रवचन

सामग्री : न्यूजप्रिन्ट, मार्कर, साइनपेन, ग्लु स्टिक, पेपर टेप, रूखको जरा आकारमा काटिएको रंगीन पेपर, आकाशे रंगको मेटा कार्ड, रूखको पात आकारमा काटिएको हरियो रंगको मेटा कार्ड र स्याउको आकारमा काटिएका मेटाकार्डहरू ।

क्रियाकलाप :

- सहभागीलाई चार समूहमा विभाजन गर्ने ।
- पहिलो समूहलाई बालश्रमका कारणहरू के के छन् भन्ने कुरा छलफल गर्दै बुँदागत रूपमा टिपोट गर्न लगाउने । सहभागीले टिपोट गरिसकेपछि जरा आकारमा काटिएको रंगीन पेपर बाँढ्ने र त्यसमा लेख्न लगाउने ।
- दोस्रो समूहलाई बालबालिकालाई श्रम सम्म पुर्याउन सहयोग गर्ने व्यक्ति, समूह वा निकायको बारेमा छलफल गरी आकाशे रंगको मेटाकार्डमा लेख्न लगाउने ।
- तेस्रो समूहलाई पात आकारमा काटिएको मेटाकार्डहरू बाँड्ने र समूह छलफल गरी प्रत्येक मेटाकार्डमा बालश्रममा प्रवेश गरे पछि बालबालिकाले भोग्नु परेको समस्याहरू टिपोट गर्न लगाउने ।
- चौथो समूहलाई बालश्रमले ल्याउने परिणामको बारेमा छलफल गरी टिपोट गर्न अनुरोध गर्ने । सबैले छलफल गरि टिपोट गरिसकेपछि स्याउ आकारमा काटिएको रातो मेटाकार्डमा लेख्न लगाउने ।
- यसरी छलफल गर्न र टिपोट गर्नको लागि २० मिनेटको समय उपलब्ध गराउने ।
- सबै समूहले छलफल गरि टिपोट तयार पारेपछि आफूले लेखेको कुराहरू समूह एकलाई सहजकर्ताले तयार पारेको ठूलो न्यूजप्रिन्टको तल्लो भागमा टाँस्न लगाउने र आफ्नो प्रस्तुती गर्न लगाउने । पहिलो समूहको प्रस्तुतीमा अन्य समूहको सुझाव भएमा थपघट गर्न लगाउने ।
- दोस्रो समूहले तयार पारेको कुराहरू त्यसै गरी रूखको डाँठ जस्तो बन्ने गरी टाँस्न लगाउने र आफ्नो प्रस्तुती गर्न लगाउने ।
- तेस्रो समूहले तयार पारेको पातहरू पातकै स्थानमा टाँस्न लगाउने र चौथो समूहलाई फलहरू टाँस्न लगाउने ।

- सबै समूहले आफ्नो आफ्नो प्रस्तुती सकेपछि सहभागीले टाँसेको मेटाकार्डहरूले रूखको आकृति दिए नदिएको विचार गर्दै मिलाउदै जाने ।

सबै समूहको प्रस्तुती सकिए पछि प्रशिक्षकले सहभागीहरूको प्रस्तुतीसँग जोड्दै बालश्रमका कारणहरू, संलग्न व्यक्ति निकायहरू तथा यसले पार्ने असरहरूको बारेमा परिणामबारे स्पष्ट पार्ने ।

## सत्र : नेपालमा बालश्रमको क्षेत्र, अवस्था र कार्यक्रमहरू

उद्देश्य : सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा देखिएका विभिन्न प्रकारका बालश्रम, श्रमिक बालबालिकाहरूको अवस्था र सञ्चालित कार्यक्रम तथा सरोकारवालाहरूको पहिचान गर्नेछन् ।

समय : ९० मिनेट

विधि : समूह छलफल, प्रस्तुतीकरण

सामग्री : न्यूजप्रिन्ट, मार्कर, पेपर टेप

क्रियाकलाप :

- सहभागीहरूलाई बेग्ला बेग्लै चार ओटा समूहमा विभाजन गर्ने । यसरी समूह विभाजन गर्दा समान भौगोलिक कार्यक्षेत्र भएका सहभागीहरूलाई एउटै समूहमा पार्ने प्रयत्न गर्ने ।
- प्रत्येक समूहलाई तल देखाइएको नमूनाको आधारमा आफ्नो कार्यक्षेत्रमा देखिएका बालश्रमका समस्याहरू, त्यसका सरोकारवालाहरू, सञ्चालित कार्यक्रमहरू र सञ्चालन गर्नु पर्ने क्रियाकलापको बारेमा छलफल गरी टिपोट गर्न लगाउने ।

| सरोकारवाला निकाय | सञ्चालित कार्यक्रम | सञ्चालित कार्यक्रमले समेटिएको बालश्रम | सञ्चालन गर्नुपर्ने कार्यक्रम | |
|---|---|---|---|---|
| | | | नसमेटिएको बालश्रम | उपलब्ध गराउनु पर्ने सेवा |
| | | | | |

- सहभागीलाई समूह छलफल गर्न अधिकृत ४० मिनेटको समय प्रदान गर्ने । प्रत्येक समूहलाई प्रस्तुती र छलफलको लागि १० मिनेटको समय उपलब्ध गराउने ।
- प्रशिक्षकले सहभागीले बनाएको प्रस्तुतीका लागि धन्यवाद दिदैँ । आगामी सत्रमा बालश्रम सम्बन्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियम, कानुन, नीति र कार्यक्रमहरूको बारेमा छलफल गरिने जानकारी दिने ।

## सत्र : बालश्रम सम्बन्धि नीति, नियम तथा कार्यक्रमहरू

उद्देश्य : सहभागीहरूले बालश्रम सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, नियम तथा कार्यक्रमहरूका बारेमा जानकारी प्राप्त गर्नेछन् ।

समय : ७५ मिनेट

विधि : चिठ्ठा विधि, छलफल, लघुप्रवचन

सामग्री : अन्तराष्ट्रिय तथा क्षेत्रीय कानुनहरू लेखिएका कागजका टुक्रा

क्रियाकलाप :

- प्रशिक्षकले अनुसूचि १ मा उल्लेख गरिएको बालश्रम सम्बन्धि नीति, नियम तथा कार्यक्रमहरूको बुँदाहरूलाई छुट्टा छुट्टै कागजका टुक्रामा लेखि एउटा झोला वा कार्टुनमा हाल्ने र सहभागीलाई एउटा एउटा टिप्न लगाउने ।
- सहभागीले सो कानुन लेखिएको कागजको टुक्रा लिए पछि त्यसमा लेखिएको कुरा सबै सहभागीले सुन्ने गरी पढ्न लगाउने र त्यसमा छलफल गर्न लगाउने ।
- यसरी सहभागीले छलफल गर्दा सो बुँदाले के भन्न खोजेको भन्ने विषयमा छलफल गराउने ।
- कानुनको सो बुँदामा छलफल सकिएपछि पुनः अर्को सहभागीलाई अर्को टुक्रा टिप्न लगाउने र सोही अनुसार छलफल चलाउने ।
- अन्त्यमा सहजकर्ताले अनुसुची १ मा भएका बालश्रम सम्बन्धि नीतित तथा नियमहरूको बारेमा जानकारी गराउने ।

## सत्र : बालश्रम अनुगमन तथा नियमन कार्यविधी

उद्देश्य : सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा रहेका बालश्रमको अनुगमन, उजुरी, अनुसन्धान र न्यायिक प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्नेछन् ।

समय : १२० मिनेट

विधि : खुला छलफल र लघु प्रवचन

सन्दर्भ सामग्री : बालश्रम नियमित र निषेध गर्ने कार्यविधि

प्रशिक्षण सामग्री : न्यूजप्रिन्ट, मार्कर, पेपरटेप

क्रियाकलाप :

- सहभागीहरूलाई बालश्रम अनुगमन भनेको के हो? र अनुगमन गर्दा के के कुरामा ध्यान दिनु पर्छ भनी खुला प्रश्न राख्ने र आएका विचारहरूलाई न्यूजप्रिन्टमा टिपोट गर्दै जाने ।
- प्रशिक्षकले सहभागीहरूलाई बालश्रम अनुगमनको चेक लिष्ट र उजुरी प्रक्रियाको बारेमा संक्षिप्त जानकारी गराउने ।
- सहभागीहरूलाई खुला रूपमा बालश्रमसँग सम्बन्धित नेपालको ऐन, नियमावली र त्यससँग सम्बन्धित कार्यविधिका बारेमा केही जानकारी भए आफ्नो विचार राख्न लगाउने ।
- सहभागीहरूबाट आएका विचारहरूका मुख्य विचारहरूलाई न्यूजप्रिन्टमा टिप्दै जाने ।
- प्रशिक्षकले सन्दर्भ सामग्रको प्रयोग गर्दै बुँदागत रूपमा विषयवस्तुहरूलाई स्पष्ट पार्ने र त्यसमा छलफल चलाउने ।

## सत्र : बालश्रम अनुगमन तथा नियमन कार्यविधीको नमूना अभ्यास

उद्देश्य : सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा रहेका बालश्रमको अनुगमन, उजुरी, अनुसन्धान र न्यायिक प्रक्रियाको बारेमा अभ्यस्त हुनेछन् ।

समय : १२० मिनेट

विधि : अभ्यास

सन्दर्भ सामग्री : बालश्रम नियमित र निषेध गर्ने कार्यविधि र घटना अध्ययन, फिरात पत्रको नमूना

प्रशिक्षण सामग्री : न्यूजप्रिन्ट, मार्कर, पेपरटेप

क्रियाकलाप :

- सहभागीहरूमध्ये कुनै एकजनालाई रोजगारदाता, कुनै एकजनालाई बालश्रमिक, कुनै एकजनालाई सामाजिक कार्यकर्ता, कसैलाई समुदायका व्यक्ति, ट्रेड युनियनका प्रतिनिधि, प्रहरी, स्थानीय निकायका प्रतिनिधिको भूमिका निर्वाह गर्न लगाउने र बाँकी सहभागीहरूलाई पर्यवेक्षकको भूमिका निर्वाह गर्न लगाउने ।
- पर्यवेक्षकहरू मध्येबाट अन्य सहभागीलाई माथि उल्लेख भए बमोजिम भूमिका निर्वाह गर्ने जिम्मेवारी दिने ।
- सहभागीहरूलाई घटना अध्ययनको पत्र वितरण गर्ने र सो घटना अध्ययन अनुसार सम्बन्धित व्यक्तिहरूलाई तोकिएको भूमिका निर्वाह गर्न लगाउने ।
- भूमिका निर्वाह गर्नका लागि श्रम कार्यालयको नमूना कार्यालय निर्माण गर्ने ।
- उजुरी देखि न्यायिक प्रक्रियाको प्रत्येक चरणमा पर्यवेक्षकहरूसँग कस्तो भइरहेको छ ? ठीक छ छैन ? के सुधार गर्नुपर्छ ? जस्ता विषयहरूमा टिपोट गर्न लगाउने ।
- भूमिका अभिनय सकिएपछि पर्यवेक्षकले टिपोट गरेको भूमिका अभिनयमा भएका राम्रा र सुधारगर्नुपर्ने कुराहरूमा छलफल चलाउने ।

## सत्र : सहकार्य र समन्वय

उद्देश्य : सहभागीहरूले बालश्रम अनुगमन र नियमनका लागि विभिन्न निकायहरूमाझको सहकार्य र समन्वयको आवश्यकताको बारेमा बुझ्नेछन् ।

समय : ४५ मिनेट

विधि : समूह छलफल, टिपोट, प्रस्तुतीकरण, लघुप्रवचन

सन्दर्भ सामग्री : बालश्रम अनुगमन र नियमनका लागि सहकार्य र समन्वय

प्रशिक्षण सामग्री : न्यूजप्रिन्ट, मार्कर, पेपरटेप

क्रियाकलाप :

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई तल उल्लेख भएको प्रश्नमा छलफल गरी तल दिइएको तालिका अनुसार टिपोट गर्न लगाउने ।
    - जोखिम अवस्था वा कठिन परिस्थितीमा रहेका बालश्रमिकहरूका लागि तत्काल उपलब्ध गराउनुपर्ने सेवा के हुन सक्छ र ती सेवा कसले दिनुपर्छ ?

| **उपलब्ध गराउनुपर्ने सेवा** | **उपलब्ध गराउन सक्ने निकाय** |
|---|---|
| | |
| | |
| | |

- दुवै समूहले समूह छलफल गरिसकेपछि प्रस्तुती गर्न लगाउने ।
- बालश्रमिकका आवश्यकताहरू विविध किसिमका हुन्छन् । यसलाई एउटा व्यक्ति, निकायले सम्बोधन गर्न सक्दैनन् । त्यसकारण, बालश्रमको अनुगमन र नियमन प्रक्रियामा विभिन्न निकाय र समूहहरूले सहकार्य र समन्वय गर्नु जरूरी हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दै सन्दर्भ सामग्रीको प्रयोग गर्दै सहकार्य र समन्वयको औचित्यता र प्रक्रियाको बारेमा जानकारी गराउने ।

## सत्र : कार्ययोजना

उद्देश्य : सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा बालश्रम अनुगमन र नियमनका लागि संयुक्त कार्ययोजना निर्माण गर्नेछन् र कार्यान्वयनका लागि कार्यसमूह निर्माण गर्नेछन् ।

समय : ६० मिनेट

विधि : समूह अभ्यास

सन्दर्भ सामग्री : बालश्रम अनुगमन तथा नियमनको लागि कार्ययोजनाको फारम र नमूना

प्रशिक्षण सामग्री :

क्रियाकलाप :

- सहभागीहरूको समान कार्यक्षेत्रको आधारमा समूह विभाजन गर्ने र कार्ययोजनाका साथै कार्ययोजना फारमको बारेमा प्रष्ट पार्ने ।
- सबै समूहलाई संयुक्त कार्ययोजना निर्माण गर्न लगाउने । सो कार्यका लागि सहभागीलाई ४० मिनेट समय रहेको जानकारी दिने ।
- प्रशिक्षकले सहभागीले तयार पारेको कार्ययोजनाको प्रतिलिपि संकलन गर्ने ।

## सत्र : प्रशिक्षण कार्यक्रमको समिक्षा

उद्देश्य : सहभागीहरूले प्रशिक्षण कार्यक्रमको सवल पक्ष, सुधारगर्नुपर्ने पक्षको बारेमा मुल्या.कन गर्नेछन् । ‸ ।

समय : २० मिनेट

विधि : प्रश्नावली

सन्दर्भ सामग्री : Post Test फारम

प्रशिक्षण सामग्री :

क्रियाकलाप :

- सहभागीहरूको समान कार्यक्षेत्रको आधारमा समूह विभाजन गर्ने र कार्ययोजनाका साथै कार्ययोजना फारमको बारेमा प्रष्ट पार्ने ।

# खण्ड २

## सत्र : बालअधिकार र बालश्रम

**अधिकार के ले निर्धारण गर्दछ?**

- अन्तरनिहितता वा अख्तियारी खासगरी
    - कानून,
    - समाज,
    - संस्कृति, धर्म र परम्परा,
    - विद्यमान मुल्य, मान्यता र प्रचलनहरू वा अभ्यासहरू
    - उत्तरदायित्व,
    - सम्झौता वा करार

लगाएतका कुराहरूले निर्धारण गर्दछ ।

बालबालिका भनेका त्यस्ता मानवहरू हुन् …

- जसलाई आमाबाबु वा वयस्कहरूले उनीहरूका आफ्ना चाहनाअनुसार यस संसारमा आमन्त्रण गरेर बोलाइएका हुन् ।
- जसलाई बाल्यकालमा वा अहिले नै विशेष किसिमको संरक्षण र स्याहार आवश्यकता पर्दछ ताकि उनीहरू भोलि एक सक्षम वयस्क भएर आफ्ना व्यक्तिगत, पारिवारिक र सामाजिक उत्तरदायित्वहरू वहन गर्न सक्षम व्यक्ति बन्न सकुन् ।
- जो समाजमा भएको शक्ति सम्बन्ध वा शक्ति संरचनामा सबभन्दा पुछारमा रहेका हुन्छन् ।
- जसले वयस्कहरूका खासगरी आमाबाबुका आकांक्षाहरू (विशेषगरी पुरा नभएका वा दमित आकांक्षाहरू) लाई काँध थापिदिनेछन् भनेर विश्वास गरिन्छ ।
- जसलाई व्यक्तिगत र संस्थागतरूपमा वयस्कहरूले हरसम्भव उनीहरूका (बालबालिकाका) सर्वपक्षीय विकासका आवश्यकताहरू पुरा गर्न सहयोग गर्ने र त्यसको लागि वातावरण तयार गर्ने, गराउने उत्तरदायित्व वा जिम्मेवारी लिन्छन् र लिनुपर्दछ ।
- बालबालिकाहरूमा उनीहरूका उमेर, परिपक्वता, परिवारिक स्थिति अनि वातावरण, सक्षमता, अनुभवहरू, उनीहरूले पाएका अवसरहरू, सामाजिकीकरण लगायत थुप्रै कुराहरूको आधारमा ज्यादै ठूलो विविधता हुन्छ ।

- तसर्थ, जहिले पनि समाजमा एउटै मात्र बाल्यकाल नभएर थप्रै बाल्यकालहरू हुन्छन् ।
- त्यसकारण, व्यक्तिगत र व्यवसायिक जीवनमा बालबालिकासँग र उनीहरूको हितमा कामगर्दा हामी वयस्कमा पर्याप्त ज्ञान, बुझाई, धारणा, सीप र दक्षता, अनि विधि र प्रक्रियाहरू आवश्यक हुन्छन् ।
- उमेर– साना उमेरका बालबालिका/ठूला उमेरका बालबालिका
- लिङ्ग– बालक/बालिका
- सक्षमता– अपाङ्गतामा भएका/ नभएका बालबालिका
- सहरमा बसोबास गर्ने/गाउँमा बसोबास गर्ने बालबालिका
- क्रमः जेठी छोरी/जेठो छोरो, कान्छो छोरो /कान्छी छोरी
- कामदार बालबालिका / विद्यालय गइरहेका बालबालिका
- परिवारमा बसिरहेको / आफैं बसिरहेको बालबालिका
- धनी / गरिब परिवारका बालबालिका
- धार्मिक समुदायका जस्तै मुश्लिम, हिन्दू वा बौध्द धर्म मान्ने परिवारका बालबालिका
- शिक्षित वा अशिक्षित बालबालिका
- तथाकथित ठूलोजात वा सानोजातको परिवार वा समुदायका बालबालिका .... आदि

**के वा कसले र कसरी 'बालबालिका' लाई परिभाषित गरिन्छ?**

- देशको संविधान तथा राष्ट्रिय कानूनहरू
- राष्ट्रले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरू जस्तै बालअधिकारसम्बन्धी महासन्धि
- संस्कृति तथा परम्पराहरू
- बालक वा बालिकाले वहन गर्नुपर्ने जिम्मेवारीहरू तथा भूमिकाहरू
- बाबुआमा वा अभिभावकको अवस्था वा स्थिति

यी मध्ये अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुन नै मान्य हुन्छ ।

अतः नेपालको कानुनले १६ वर्ष भन्दा कम उमेरका मानवलाई बालबालिका भनेको छ ।

**बालअधिकार**

- बालबालिकाले एक समृद्ध मानवीय जिवन जिउनका लागि आवश्यक पर्ने आधारभुत आवश्यकता नै बाल अधिकार हो ।
- सामान्य रूपले हेर्ने हो भने बालबालिकालाई आफ्नो व्यक्तित्व विकास गर्नको लागि आवश्यक पर्ने गाँस, बास, कपास लगायत शिक्षा, स्वास्थ्य, मनोरञ्जन, पोषण, सहभागी हुन पाउनु सबै बाल अधिकार हो ।

बालअधिकार महासन्धीले

- शिक्षा,
- स्वास्थ्य,
- हेला तथा दुर्व्यवहारबाट सुरक्षा,
- खेल, मनोरञ्जन,
- सुरक्षित जन्म,
- पोषण युक्त खाना,
- यातनाबाट सुरक्षा,
- सूचना पाउने अधिकार,
- आमाबाबुसँग बस्न पाउनु,
- विचार व्यक्त गर्न पाउनु,
- युद्ध हिंसा कुटपीट बाट सुरक्षित रहन पाउनु,
- कुनै पनि प्रकारका भेदभावबाट सुरक्षित हुन पाउनु,
- बालश्रमबाट सुरक्षित हुन पाउनु

**लगायतलाई बालबालिकाको आधारभूत आवश्कता भएको बताएको छ ।**

बालअधिकारलाई सजिलै बुझ्न चार भागमा विभाजन गर्न सकिन्छ :

बाल बचाउ

बालसंरक्षण

बाल विकास

बालसहभागिता

**बालअधिकारका चार सिद्धान्त**

१) समानता वा भेदभाव रहित

२) दीर्घ जीवन र विकास

३) बालबालिकाको सर्वोत्तम हित

४) बालबालिकाको विचार र अभिव्यक्तिको अधिकार वा बालबालिकाको सहभागिता

१) समानता वा भेदभाव रहित

सब बालबालिकालाई बिना भेदभाव, बिना पक्षपात सम्पर्ण अधिकारहरू उपलब्ध गराउनु पर्दछ । कुनै पनि बालबालिकालाई नीजको वा उसका बाबुआमा, अभिभावकको जाति, रंग, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरू, राष्ट्रिय जातिय वा सामाजिक उत्पत्ति, सम्पति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नुपर्दछ । बालबालिकाहरू विभिन्न प्रकारका भेदभावको शिकार भइरहेका छन्, जसले गर्दा बालबालिकाले पाउनुपर्ने अवसर तथा उनीहरूले जीवनमा गर्नुपर्ने गतिविधिमा नकारात्मक असर परिरहेको छ । त्यसकारण सबै बालबालिकाले समान अधिकारको पूर्ण प्रत्याभूति पाउनुपर्दछ । साथै, सरकारी क्षेत्रबाट यस कार्यलाई उकास्ने दायित्वलाई जिम्मेवारीका साथ समर्थन गरी वहन गर्नुपर्दछ । जस्तै : जन्मदर्ताको अधिकार, नाम तथा नागरिक हकको अधिकार, सबै प्रकारका बालश्रमको दुरूपयोग, हेलचेक्र्याइँ, बेवास्तापन, भेदभाव तथा शोषणविरूद्ध संरक्षणको अधिकार ।

२) दीर्घ जीवन र विकास : बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको दीर्घ जीवन र विकासका निम्ति राज्यले यथासम्भव बढि भनन्दा बढि प्रयास गर्नु पर्दछ (धारा ६) । हरेक बालबालिकालाई आफूभित्र अन्तर्निहित सामर्थ्यको पूरा विकास गर्ने अधिकार छ । यस अन्तर्गत निम्न कुरामा हक दिइनुपर्दछ :

- आधारभूत आवश्यकताको अधिकार पर्ने कुराहरू मध्ये पोषण, बस्ने व्यवस्था र स्वास्थ्योपचारको अधिकार पर्दछन् ।
- निःशुल्क प्राथमिक शिक्षाको अधिकार ।
- बाल्यावस्थाको अधिकार, जस्तै : विश्राम गर्नु, खेल्नु र साथी बनाउनु ।
- आर्थिक शोषणविरूद्ध संरक्षणको अधिकार अथवा त्यस्तै कुनै कार्य गर्न नदिने, जसले बालकको शिक्षामा हस्तक्षेप गर्दछ वा त्यस्तो कुनै काम जसले बालबालिकाको स्वास्थ्य, शारीरिक, मानसिक वा सामाजिक विकासको दृष्टिले खतरनाक तथा हानिकारक छ ।
- बालबालिकाका लागि विशेष आवश्यकतामा विशेष सहाराको अधिकार । जस्तै : परिवारबाट अलग रहन बाध्य भएका बालबालिका, दुर्व्यवहारपीडित बालबालिका, अपाङ्ग भएका बालबालिका, श्रममा रहेका बालबालिका ।

३) बालबालिकाको सर्वोत्तम हित : बालबालिकाहरूका निम्ती गरिने प्रत्येक कार्यहरूमा बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यान दिनु पर्दछ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरू,

अदालत, प्रशानसनिक निकाय, विधायिका लगायत सबैले बालबालिकासंग सम्बन्धित कामकुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ (धारा- ३) । बालबालिकाका सम्बन्धमा दुई प्रकारका विचार स्पष्ट रूपमा लिन सकिन्छ । प्रथमतः दक्ष तथा योग्य मानवका रूपमा भने दास्रोमा त्यस्ता मानका रूपमा जो जोखिममा छन् र जसलाई संरक्षणको आवश्यकता पर्दछ । यी दुई कारणले गर्दा बालकको उच्चतम हित के हो भन्ने कुराको निर्णय लिँदा निर्णय बाझिन सक्दछ । यस समस्याको समाधान निम्न लिखित सिद्धान्तको प्रयोगबाट गर्न सकिन्छ : बालबालिकालाई प्रभाव पर्ने गरी लिइने सम्पूर्ण निर्णय बालबालिकालाई नै प्राथमिक महत्व दिएर लिएको हुनुपर्दछ । त्यसैले बालबालिकाको लागि के उत्तम छ भन्ने कुराको निर्धारण गर्नुपूर्व प्रभावित बालक वा बालिकाको राय पत्ता लगाउनु पर्दछ ।

४) बालबालिकाको विचार र अभिव्यक्तिको अधिकार वा बालबालिकाको सहभागिता : बालबालिकासँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वता अनुसार उचित मान्तयता पनि दिइनुपर्दछ । बालबालिकालाई पनि समाजको एक अभिन्न अङ्ग मानी सहभागी गराइनु पर्दछ (धारा १२) । बालसहभागिताका मूल अधिकारहरू निम्न बमोजिम छन् :

- विचार व्यक्त गर्ने अधिकार
- अभिव्यक्तिको स्वतन्त्रता, जस्तै : आफ्नो पहुँच पुग्ने तथा आशय बुझ्ने गरी जानकारी लिने तथा दिने अधिकार
- समाजको सक्रिय सदस्य हुने अधिकार : आफ्नो संस्कृतिमा रमाउने, आफ्नो धर्म मान्न पाउने र आफ्नो मातृभाषा प्रयोग गर्ने ।
- समूहको सदस्य बनी आफ्नो व्यक्तित्व विकास गर्दै सामुदायिक क्रियाकलापमा सक्रिय रहन पाउने ।

बालकाम के हो ?

- बालबालिकाहरूको शारीरिक मानसिक विकासमा नकारात्मक असर नपर्ने गरी उनीहरूको सामाजिकीकरण गर्न, सीपहरू सिक्न सिकाउनका लागि तथा बालअधिकारको संरक्षण हुने गरी आफ्नै घरमा, वा विद्यालयमा वा समाजमा गराइने काम बालकाम हो । यस्ता कामहरूले बालअधिकारसम्बन्धी कुनै पनि अन्तर्राष्ट्रिय कानुनहरूले सुनिश्चित गरेका अधिकारहरू माथि हस्तक्षेप गर्दैनन् ।

बालकाम के होइन ?

- बालबालिकाको शारीरिक, मानसिक, सामाजिक विकासमा असर पार्ने, बालबालिकाहरू हिंसा, दुर्व्यवहार तथा शोषणको अवस्थामा पुग्ने प्रकारका काम र बालिबाकाको विचार र भावनाको कदर नहुँने अवस्था काम होइन ।

बालश्रम

- कुनै बालबालिकाहरू जीविकोपार्जनको लागि वा श्रमिकको रूपमा समय तोकेर शिक्षा, मनोरन्जन, विकास, सहभागिताबाट बन्चित हुने गरी काममा लगाइएको छ भने त्यसलाई सामान्यतः बालश्रम भनिन्छ ।

## बालश्रमका प्रकार

बालश्रम विभिन्न रूपमा अस्तित्वमा छ र अर्थतन्त्रको औपचारिक क्षेत्र खुम्चिएर अनौपचारिक क्षेत्रमा बृद्धि हुँदा यसको नयाँ रूपको पनि निर्माण हुन्छ । कहिलेकाहीँ बालश्रमलाई सजिलै देख्न सकिन्छ, कहिलेकाहीँ यो सतहबाट लुग्दछ । बालश्रमका विभिन्न रूपको सूचिमा केही अत्यन्तव्यापक रूपसँगै केही निकृष्ट रूप पनि समावेश छ । औपचारिक र अनौपचारिक श्रम क्षेत्र गरी श्रमलाई २ भागमा विभाजन गर्न सकिन्छ । सामान्यतः औपचारिक श्रम क्षेत्रमा धेरै कार्यक्रमहरू सञ्चालन गरिएको पाइन्छ । अनौपचारिक श्रम क्षेत्र सामान्यतः अदृश्य हुन्छन् । यस्तो श्रम क्षेत्रमा श्रमिक बालबालिकाको अवस्था पनि अदृश्य नै रहेको हुन्छ । अदृश्य बालश्रममध्ये पनि सबैभन्दा अप्रत्यक्ष रूपमा रहेको बालश्रम भनेको घरायसी क्रियाकलापमा लागेका बालबालिकाले गर्ने श्रम घरेलु बालश्रम हो । घरेलु बालश्रममा संलग्न रहेका बालबालका र श्रमशोषणका लागि बालबालिकाको अनियमित ओसारपसार बीच देशभित्र र बाहिर दुवै ठाउँमा स्पष्ट सम्बन्ध रहेको हुन्छ ।

घरेलु बालश्रम प्रायः निजी घरभित्र तथा आम नागरिकको पहुँच पुग्न कठिन हुने स्थानमा हुने र निश्चित व्यक्तिको सिमारेखाभित्र मात्र सिमित रहने हुँदा यस्ता कामहरू नदेख्ने किसिमले लुकेका हुन्छन् । यस्ता काम गर्ने बालबालिका प्रायः समाजबाट अलग्गिएका हुन्छन् । धेरै अवस्थामा घरेलु बालश्रमिक परिवारबाट छुट्टिएका हुन्छन् र उनीहरूमाथि यौन दुर्व्यवहार हुने सम्भावना पनि बढि हुन्छ ।

**बालबालिकाको लागि जोखिमपूर्ण कामहरू**

- सानो उमेर, लामो समयावधिको काम
- धेरै काम, बिना दाम वा थोरै दाम
- न शिक्षा न आराम
- एकोहोरो र दिक्क लाग्दो काम
- कामको लागि खतरनाक वातावरण
- जबरजस्ती गर्नुपर्ने काम
- हरबखत नियन्त्रित वातावरणमा रहेर गर्नुपर्ने काम
- यौन शोषण तथा दुर्व्यवहारमा पर्नसक्ने स्थिती

- दीर्घ जीवनमा असर पर्ने सम्भावना भएको काम
- बँधुवा बालश्रम
- बालसैन्यमा भर्ना
- यौन व्यापार, लागूऔषध उत्पादन तथा ओसारपसारमा लगाइने काम

बालश्रम नियमित तथा निषेध गर्ने ऐन २०५६ (दफा ३ को उपदफा (२)) सँग सम्बन्धित जोखिमपूर्ण व्यवसाय वा कामहरू

(क) पर्यटन, आवास, मोटेल, होटेल, जुवाघर, रेष्टुराँ, बार, पव, रिसर्ट स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, केवल कार कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा, पर्वतारोहण, हट एयर ब्यालुनिङ्ग, प्यारासेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वरोहण आदि पर्यटनसँग सम्बन्धित व्यवसायहरू,

(ख) कार्यशाला, प्रयोगशाला, पशु वधशाला, शीत भण्डार आदि सेवामूलक व्यवसायहरू,

(ग) सार्वजनिक परिवहन र निर्माण व्यवसायहरू,

(घ) चुरोट, बिडी बनाउने, गलैंचा बुन्ने तथा रङ्गाउने, ऊन सफा गर्ने, कपडा बुन्ने, धुने, रङ्गाउने तथा बुट्टा छाप्ने, छाला प्रशोधन गर्ने, सिमेन्ट उत्पादन तथा प्याकिङ्ग, सलाई, विष्फोटक तथा अन्य आगजन्य पदार्थहरूको उत्पादन र बिक्री वितरण, बीयर, मदिरा तथा अन्य पेय पदार्थहरूको उत्पादन, साबुन उत्पादन, बिटुमिन उत्पादन, पल्प र पेपर उत्पादन, स्लेट, पेन्सिल उत्पादन, कीटनाशक औषधि उत्पादन, लुब्रिकेटिङ्ग तेल उत्पादन, फोहोर मैला संकलन, प्रशोधन तथा इलेक्ट्रोप्लेटिङ्ग, फोटो प्रोसेसिङ्ग, रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरू,

(ङ) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल वा ग्यास, बायोग्यास तथा त्यस्तै अन्य स्रोतबाट उर्जा पैदा गर्ने र त्यसको प्रसारण वा वितरणसँग सम्बन्धित कार्यहरू,

(च) खानी, खनिज पदार्थ, प्राकृतिक तेल वा ग्यासको उत्खनन्, प्रशोधन तथा वितरणसँग सम्बन्धित कार्यहरू,

(छ) रिक्सा वा ठेलागाडा,

(ज) कटिङ्ग मेशीन जस्ता कार्यहरू,

(झ) जमिनमुनी, पानीमुनी र धेरै उँचाईमा चढेर गर्नु पर्ने कार्यहरू,

(ञ) रसायनिक पदार्थहरूसँग सम्पर्क हुने कार्यहरू, र

(ट) प्रचलित कानून बमोजिम तोकिएको अन्य जोखिमपूर्ण कार्यहरू ।

**निकृष्ट प्रकारका बालश्रम**

- शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, नैतिक विकासमा असर पर्ने गरी लगाइएको श्रम निकृष्ट प्रकारको बालश्रम हो ।
- शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारबाट बञ्चित गराएर लगाइएको काम निकृष्ट प्रकारको बालश्रम हो ।
- दीर्घ जीवनमा नकारात्मक असर पार्ने श्रम निकृष्ट प्रकारको बालश्रम हो ।
- अवसर, सुविधाबाट बञ्चित गराइएको, बाबुआमाबाट अलग्ग राखी लगाइएको कामहरू निकृष्ट प्रकारको बालश्रम हो ।

**निकृष्ट प्रकारका बालश्रमहरू**

- घरेलु बालश्रम
- गलैंचा कारखाना
- खानीमा गर्नुपर्ने काम
- बाल भरिया
- सडक बालबालिका
- बधुवा मजदुरी
- बेचविखनमा परेका

गरिबी नै बालश्रमको प्रमुख कारण हो । तर, बालश्रम स्वयम् पनि गरिबीको प्रमुख कारण हो । किनभने यसले बालबालिका, परिवार र समुदाय सबैमा दीर्घकालिन नकारात्मक प्रभाव पार्छ । गरिब परिवारहरू पारिवारिक आम्दानीमा भरथेग गर्ने हेतुले आफ्ना केटाकेटीलाई काममा पठाउँछन् र यसो गर्नु उनीहरूको परिवारको जीवननिर्वाहका लागि अत्यावश्यक हुनसक्छ । अथवा बाबुआमाहरू छोराछोरीलाई काममा पठाएर आयको स्रोतलाई विविधिकरण गर्न चाहन्छन् वा तत्काल आइपरेका पारिवारिक खर्चहरू धान्न यसो गर्दछन् । नेपालमा शिक्षा आर्जनमा लाग्ने चर्को प्रत्यक्ष र अप्रत्यक्ष खर्चहरूसमेतको परिप्रेक्ष्यमा हेर्दा गरिब र निरक्षर परिवारहरूको लागि बालश्रम अत्यन्त तर्कसङ्गत विकल्पको रूपमा देखापर्छ । सँगसँगै के पनि सत्य हो भने बालश्रमले भावी पुस्ताको शैक्षिक उपलब्धिलाई घटाइदिन्छ । फलस्वरूप गरिबी, गरिबीको दुश्चक्र, बालश्रम र अशिक्षा सधैँ रहिरहन्छन् ।

**बालश्रमका कारण**

- परिवारको गरिबी/बेरोजगारी तथा बाल गरिबी, अशिक्षा, अचेतना, बालश्रममा हुने जोखिमप्रतिको अनभिज्ञता
- कुनै विशेष तालिम नचाहिने र सामान्य सिकाइबाट नै सिक्न सकिने
- सस्तो श्रम
- सजिलोसँग लगाउन सकिने श्रम/विद्रोह गर्न नसक्ने अवस्था
- बढ्दो जनसंख्या
- सशस्त्र संघर्ष/सामाजिक असुरक्षा/विस्थापन
- असमान सामाजिक विकास
- सर्वसुलभ तथा गुणस्तरयुक्त शिक्षाको अभाव
- पारिवारिक हिंसा
- पारिवारिक विचलन/वियोग
- सहरी रमझमको आकर्षण
- सहरी व्यस्तता
- घरेलु बालश्रमिक राख्नु सामाजिक इज्जत र प्रतिष्ठाको विषय बन्नु

- ग्रामीण क्षेत्रका कुलीनहरू र सहरवासीहरूमा बढेको सुविधाभोगी प्रवृत्ति
- सामाजिक लिङ्गभेद
- प्रभावकारी कानुन कार्यान्वयनको अभाव

**बालश्रमका परिणाम**

- शिक्षाबाट बञ्चित बालबालिका
- कुपोषित बालबालिका
- अत्यन्त सानै उमेर देखि काममा सलंग्न हनुपर्ने बाध्यता
- बालबालिकाको बेचबिखनमा बृद्धि
- स्वतन्त्रता गुमाउने स्थिति
- यौन शोषण तथा दुर्व्यवहारको सिकार
- बालापन उपभोग गर्ने अवसर नपाउने
- आत्मबलहीन बालबालिकाहरूको विकास
- अत्याधिक कामको बोझ बोक्नुपर्ने तथा लामो समयावधिसम्म काम गर्नुपर्ने स्थिति
- व्यक्तिगत पहिचान बिर्सने स्थिति
- गालीगलौज तथा शारीरिक हिंसाको सिकार
- चोटपटक तथा दुर्घटना हुने सम्भावना
- बालअधिकारबाट बञ्चित बालबालिका
- दासप्रथा जस्तै अभ्यासको निरन्तरता
- अदक्ष नागरिक उत्पादन

## सत्र : नेपालमा बालश्रमको क्षेत्र, अवस्था र कार्यक्रमहरू

उद्देश्य : सहभागीहरूले आफ्नो कार्यक्षेत्रमा देखिएका विभिन्न प्रकारका बालश्रम, श्रमिक बालबालिकाहरूको अवस्था र सञ्चालित कार्यक्रम तथा सरोकारवालाहरूको पहिचान गर्नेछन् ।

बालश्रमको क्षेत्र

- घरेलु बालश्रम
- सडक बालबालिका
- इटाभट्टा
- मनोरञ्जनको क्षेत्र
- गलैंचा कारखाना
- जरी कारखाना
- खानी
- उद्योग
- मासु काट्ने
- बाल खलासी
- होटल आदि

बालश्रमको क्षेत्र र सञ्चालित कार्यक्रम

| सरोकारवाला निकाय | सञ्चालित कार्यक्रम | सञ्चालित कार्यक्रमले समेटिएको बालश्रम | सञ्चालन गर्नुपर्ने कार्यक्रम | |
|---|---|---|---|---|
| | | | नसमेटिएको बालश्रम | उपलब्ध गराउनु पर्ने सेवा |
| जिल्ला शिक्षा कार्यालय | शिक्षा | अवसर पाएका घरेलु बालश्रम | जोखिम परिस्थितीका घरेलु बालश्रम | घरेलु बालश्रमिकको लागि निःशुल्क शिक्षा |
| | | | | विद्यालय भर्नामा जोड |
| गा.वि.स. | बालबालिकाको लागि बजेट बिनियोजन र ECD कक्षा सञ्चालन | गरिबीमा रहेका बालबालिका | घरेलु बालश्रम, सडक बालबालिका, गलैंचा कारखाना, मासु बेच्ने, सामान ओसारपसार गर्ने, मनोरञ्जनको क्षेत्र | विद्यालय शिक्षामा सहयोग कार्यक्रम, पुर्नस्थापनामा सहयोग कार्यक्रम, संयन्त्रहरूको निर्माण र परिचालन |
| | | | | |

**बालश्रम न्यूनिकरणका लागि गरिएका प्रयासहरू :**

- नेपाल सरकारले बालअधिकारको संरक्षण गर्न बालबालिकासम्बन्धी ऐन २०४८ र नियमावली २०५२ निर्माण गरेको छ । त्यस्तै गरी बालश्रम नियमित र निषेधित गर्ने ऐन २०५६ र त्यसको नियमावली २०६१ समेत निर्माण गरेको छ ।
- विभिन्न कारणले कैदमा परेका बाबुआमाका छोराछोरीहरू राख्न भक्तपुरको सानोठिमीमा बालसुधार गृह स्थापन गरी सञ्चालन गरिएको छ ।
- बालश्रम एवम् निकृष्ट प्रकारको बालश्रम उन्मुलन सम्बन्धी कार्य गर्न केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति, बालबालिकाको निमित्त गैह्र सरकारी संस्था महासंघ नेपाललाई बार्षिक रूमा अनुदान दिने गरिएको छ ।
- बालश्रम सम्बन्धी १० वर्षे राष्ट्रिय योजना निर्माण भई लागू भइरहेको छ ।
- नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालय बालश्रम शाखाले समयवद्ध कार्यमलाई प्रभावकारी र योजनागत ढंगले लागू गर्नको लागि बालश्रम उन्मुलन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण गरेको छ ।
- केन्द्रीय तथा जिल्ला बालकल्याण समितिहरूको गठन भएको छ ।
- प्रत्येक जिल्लाको जिल्ला अदालतमा बाल इजलासको व्यवस्था गरेको छ ।

बालअधिकार सम्बन्धी महासन्धि धारा ९ : बाबु आमाबाट बिछोड :

बालबालिकाको सर्वोत्तम हितहरू विपरित हुने अवस्था बाहेक आफ्नो आमाबाबुसँग बसोबास गने अधिकार हुनेछ । आमा वा बाबु वा राज्यको काम कारबाहीबाट बाबुआमाबाट अलग हुन गएमा राज्यले गर्नु पर्ने कर्तव्य निर्वाह गर्नु पर्नेछ ।

बालअधिकार सम्बन्धी महासन्धि धारा १० : पारिवारिक पुनर्मिलन :

पारिवारिक पुनर्मिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि मुलुक छाड्ने र आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार पाउनेछन् ।

बालअधिकार सम्बन्धी महासन्धि धारा ३२ : बाल श्रमिक :

स्वास्थय, शिक्षा वा विकासमा हानी पुग्ने प्रकारको काममा बालबालिकाहरूलाई लगाउनबाट संरक्षण गर्नु तथा रोजगारीको लागि न्यूनतम उमेरको हद तोक्नु र रोजगारीका शतृहरू लागू गराउनु राज्यको दायित्व हुनेछ ।

बालअधिकार सम्बन्धी महासन्धि धारा ३४ : यौन शोषण

वेश्यावृत्ति वा अश्लील चित्रमा संलग्नता लगायतको यौन शोषण र दुर्व्यवहारबाट संरक्षण पाउने बालबालिकाको अधिकार हुनेछ ।

बालअधिकार सम्बन्धी महासन्धि धारा ३९ : पुनर्स्थापना सम्बन्धी स्याहार :

सशस्त्र संघर्ष, यातना, हेला, दुर्व्यवहार र शोषणबाट प्रभावित बनेक बालबालिकालाई सामाजिक पुनर्स्थापनाका लागि उपयुक्त उपचार दिलाउने राज्यको दायित्व छ ।

**रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धिको महासन्धि नं. १३८**

धारा ३ : रोजगारी वा कार्यको प्रकृति वा कार्य सम्पादन गर्दाको परिस्थितिले कम उमेरका व्यक्तिहरूको स्वास्थ्य सुरक्षा वा नैतिकता खतरामा पर्न सक्ने कुनै पनि प्रकारको कार्य वा रोजगारीमा संलग्न हुने न्यूनतम उमेर १८ वर्ष भन्दा कम हुने छैन ।

**निकृष्ट अवस्थाको बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२**

महासन्धिले १८ वर्ष मुनिका सबै बालबालिकालाई जोखिमयुक्त श्रममा लगाउन निषेध गरेको छ ।

**महासन्धिले जोखिमयुक्त बालश्रमभित्र निम्न कुराहरूलाई समेटेको छ :**

- दासत्व वा सो सरहका सबै स्वरूपहरू, बालबालिकाको बेचबिखन, ओसारपसार, ऋण बँधुवा, बाँधाश्रम, सशस्त्र संघर्षका लागि बालबालिकाको अनिवार्य वा जबरजस्ती भर्नालगायत कुनै पनि जबरजस्ती वा अनिवार्य श्रम ।
- देहव्यापार, अश्लिल चित्रण वा प्रदर्शनहरूका लागि बालबालिकाको प्रयोग ।
- गैर कानुनी क्रियाकलापहरू खासगरी लागू औषधहरूको उत्पादन तथा ओसारपसारको लागि बालबालिकाको प्रयोग ।
- बालबालिकाहरूको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा हानी पुऱ्याउन सक्ने कार्यहरू ।

बालबालिका सम्बन्धि ऐन २०४८

- बालबालिकाप्रति क्रुर वा यातनापूर्ण व्यवहार गर्नु हुँदैन । यसो गरिएमा क्षतिपूर्ति भराई रू ५००० सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ ।

बालबालिका सम्बन्धि ऐन २०४८

- बालबालिकालाई माग्ने काममा लगाउन वा मुड्न हुदैन । यसो गरेमा रू ३००० सम्म जरिवाना वा ३ महिना कैद वा दुवै सजाय हुनेछ ।

बालबालिका सम्बन्धि ऐन २०४८

- बालबालिकालाई अनैतिक पेसामा लगाउने हुँदैन । यस उद्देश्यले फोटो खिच्न, प्रकाशन गर्न, चरित्रमा आघात पर्ने घटना विवरण प्रकाशन गर्न, लागू औषध तथा नशालु पदार्थको बिक्री वितरणमा संलग्न गराउन हुँदैन । यसो गरेमा रू १०,००० सम्म जरिवाना वा १ बर्ष कैद वा दुवै सजाय तथा लागूपदार्थ सम्बन्धी भए थप ५ बर्ष सम्म कैदको सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६

बालबालिकालाई काममा लगाउन नहुने :

- कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु हुदैन । कसैले यस बिपरित काम गरेमा निजलाई तीन महिनासम्म कैद वा दशहजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६

- कसैले पनि बालबालिकालाई जोखिमपूर्ण (निकृष्ट) प्रकारका व्यवसाय वा काममा लगाउनु हुदैन ।
    - कसैले माथि उल्लेख गरे बिपरित काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६

बालबालिकालाई इच्छा विरूद्ध काममा लगाउन नहुने :

- कसैले पनि बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकको रूपमा काममा लगाउनु हुदैन ।
    - कसैले माथि उल्लेख गरे बिपरित काम गरेमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६

काममा लगाउने समय :

- बालबालिकालाई बेलुका ६ बजेपछि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुदैन ।
- बालबालिकालाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढि पारिश्रमिक दिइ वा नदिई काममा लगाउनु हुदैन ।
- बालबालिकालाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधाघण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिन बिदा दिनु पर्नेछ ।

- यसरी आराम गर्न दिएको र प्रत्येक सप्ताह एक दिनको बिदा काम गरेको अवधि मानिनेछ ।
    - o कसैले माथि उल्लेख गरेको भन्दा बिपरित काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६ : पारिश्रमिक र सुविधा :

- श्रमिकको रूपमा काम गर्ने बालबालिकालाई लिंग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ ।
    - o कसैले माथि उल्लेख गरेको भन्दा बिपरित काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

बालश्रम (नियमित र निषेध गर्ने) ऐन २०५६ : सजाय गर्ने अधिकारी

- यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गर्ने व्यक्तिलाई यस ऐनले तोके बमोजिमको सजाय गर्ने अधिकार श्रम कार्यालयलाई हुनेछ ।
- ऐन बमोजिम सजाय गर्दा श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भए बमोजिम गर्नुपर्नेछ ।

अन्तरिम संविधान २०६३

प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

अन्तरिम संविधान २०६३

कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाईने छैन

**उजुरी र हदम्याद**

**उजुरी सुन्ने निकायः** श्रम कार्यालय

**उजुरी गर्ने हकदैयाः** प्रहरी कार्यालय, बावु आमा वा संरक्षक, गा.वि.स वा न.पा., ट्रेड युनियन, सामाजिक संघ संस्था

**हदम्यादः** यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजूरी दिनु पर्नेछ ।

**कार्वाही प्रकिया**
**संक्षिप्त कार्यविधि ऐन २०२८ लागु हुने**

**उजुरी दर्ता**

**उजुरी** दफा २० (१): निम्न व्याक्ति वा निकाय वा संस्थाले उजुरी दिन सक्नेः

(क) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी,

(ख) सम्बन्धित इलाकाको प्रहरी,

(ग) सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक,

(घ) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका,

(ङ) प्रतिष्ठान स्तरको ट्रेड युनियन, वा

(च) बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था ।

उजुरी दिँदा फिरादको ढाँचामा दिन सकिन्छ । प्रहरी, गा.वि.स. वा न.पा. आदी सरकारी निकायले उजुरी दिँदा आफ्नो लेटरप्याडमा कार्वाहीको लागि अनुरोध पत्र सँगै प्रमाण भए सो समेत संलग्न राखी उजुरी दिन सक्छ । फिरादकै ढाँचामा दिनु पर्छ भन्ने छैन ।

फिरादपत्र दर्ता भएपछि बादीलाई प्रतिउत्तर पर्ने दिनको तारिख तोक्नु पर्छ । सो तारिख र प्रतिउत्तर परेको तारीख मिलेन भने प्रतिउत्तर परेपछि बादीले जुन दिनको तारिख लिएकोछ प्रतिवादीलाई पनि सोही दिनको तारीख तोकी त्यसपछि दुवै बादी प्रतिवादीलाई एकै दिनको तारीख मिलाई तोक्नु पर्छ ।

**तारिखः**

बादी (जाहेरवाला) तथा प्रतिवादीलाई तारीखमा राख्नु पर्दछ । तारिखमा राख्दा यो मितिमा यति बजे यस ठाँऊमा उपस्थित हुनु होला भनि तारिख पर्चा तारिख पाउनेलाई दिनु पर्ने र मिसिलमा समेत एक प्रति राख्नु पर्छ । कम्तीमा पहिलो पटक ३० दिन भित्र हाजिर हुन आउने गरी बादीलाई तारिखमा राख्नु पर्छ ।

## तारीख पर्चाको नमुनाः

.............................श्रम कार्यालयबाट जारी भएको

तारिख पर्चा

बादी ..................                    प्रतिवादी ...............

मुद्धाः ...................

................. कामका लागि मिति ............... का दिन, दिनको ठिक ...... ..बजे हाजिर हुन आउनु ।

- **समव्हान वा इतलायनामाः** प्रतिवादीको नाममा समव्हान वा इतलायनामा जारी गर्दा बाटाको म्याद बाहेक ७ दिनको म्याद दिनुपर्छ। दफा ८
- **समव्हान वा इतलायनामा जारी गर्दा प्रतिवादीलाई उजुरी वा जाहेरीको नक्कल समेत साथै राखी पठाउनु पर्छ । दफा ६**
- **समव्हान वा इतलायनामा तामेल गर्ने कर्मचारीले बाटाको म्याद बाहेक २ दिन भित्र समव्हान वा इतलायनामा तामेल गरि सक्नु पर्छ । (दफा ७)**
- **म्याद तामेलीः** समव्हान वा इतलायनामा तामेली गर्दा प्रतिवादीलाई वा एकाघरको कुनै सदस्यलाई तामेल गर्न हुन्छ । फेला नपरे घर दैलोमा टास गर्न सकिन्छ । फेला नपरे वा घर दैलो पत्ता नलागे स्थानिय २ जना व्याक्तिलाई रोहवरमा राखी गा.वि.स. वा न.पा. मा साथै सार्वजनिक स्थानमा टाँसिदिनु पर्छ ।
    - म्याद तामेल गर्न खटिएका सरकारी कर्मचारीलाई तामेल गर्नुपर्ने म्याद तीन प्रति जिम्मा दिई भरपाई गराउनु पर्छ । सम्बन्धित व्यक्ति चिने जहाँ फेला परे पनि निजलाई म्याद

बुझाउन हुन्छ अन्यथा सम्बन्धित व्याक्तिको घर ठेगानामा गई म्याद तामेल गर्नुपर्छ । सम्बन्धित व्यक्ति भेट भए निजैलाई निज भेट नभए त्यसका उमेर पुगेको एकाघरका कुनै व्यक्तिलाई म्याद बुझाउन सकिन्छ । निजहरू पनि भेट भएन वा भएपनि बुझी लिएन भने त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी एक प्रति टाँस्ने र अर्को प्रतिमा पीठमा कसलाई दिए टाँसिएको हो सो र सो दिए टाँसिएको दिनको मिति समेत लेख्नु पर्छ ।

- घर दैलामा टाँसी तामेल गरिएकोमा तेस्रो प्रतिमा सो तामेली मिति जनाई सम्बन्धित गाउँ विकास समति वा नगरपालिकामा बुझाई छुट्टै भरपाई गराई लिनु पर्छ वा तामेली प्रतिको पीठमा नै सो जनाई सहिछाप गराई लिनु पर्छ । त्यसरी म्याद पाएपछि सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले आफनो सूचना पाटीमा तत्कालै टाँस्नु पर्छ ।
- म्याद पाएको वा घर दैलामा टाँसिएको मितिबाटै म्याद गणना हुन्छ ।
- कुनै कम्पनी कर्पोरेशन वा अन्य संगठित संस्था उपर म्याद सूचना तामेल गर्नुपर्दा सो संस्थाको त्यस बखत मुख्य भै काम गर्ने मैनेजिङ्ग डाइरेक्टर वा डाइरेक्टर वा अरू कुनै कर्मचारीलाई तामेल गर्नु पर्छ ।
- सरकारी कार्यालय वा संगठित संस्थामा काम गर्ने कर्मचारीको नाममा म्याद सूचना तामेल गर्नु पर्दा रजिष्टरी गरी हुलाकद्वारा तामेल गर्न सकिन्छ ।
- म्याद तामेली गर्दा फिरादरउजुरीको नक्कल एक प्रति साथै संलग्न गरिएको हुनुपर्छ ।

- प्रतिउत्तर दर्ता
  - म्याद भित्र विपक्षीरप्रतिवादी प्रतिउत्तर पत्र साथ हाजिर हुन आए प्रतिउत्तर पत्र दर्ता गरी निजलाई पनि तारीखमा राख्नु पर्दछ । लिखित रूपमा प्रतिउत्तर पत्र साथ उपस्थित नभए प्रतिवादीको बयान कागज गराई प्रमाणित गरी मिसिल साथ संलग्न गरी राख्नु पर्दछ ।
- मुद्धा छिन्नुपर्ने अवधिः प्रतिउत्तर दर्ता भएको मितिले वा प्रतिउत्तर दर्ता गर्ने म्याद गुर्जेको मितिले ९० दिन भित्रमा मुद्धा किनारा गर्नुपर्छ, सो समय भन्दा अगाडी अंग पुगिसकेको भए ३ दिन भित्र छिन्नु पर्दछ । दफा १०
  - प्रतिउत्तर परेपछि वा प्रतिउत्तर दर्ता गर्ने म्याद गुर्जेसकेपछि साक्षी बुझ्ने कार्य गर्नुपर्दछ । त्यसका लागि तारीखमा रहेका ब्याक्तिलाई यो मितिमा साक्षी लिएर उपस्थित हुनु भन्ने तारीख पर्चामा उल्लेख गरी जनाऊ दिनु पर्दछ र सो मितिमा बादी प्रतिवादीको साक्षीको बकपत्र गरी प्रमाणित गरी मिसिल साथै राख्नु पर्दछ ।

**फैसला**

- बुझ्न पर्ने साक्षी प्रमाण बुझिसकेपछि तारीखमा रहेका व्याक्तिलाई यो मितिमा पेशी तारीख भन्ने पर्चामा उल्लेख गरी जनाऊ दिनु पर्दछ । मुद्धाको अंग पुगिसकेको भए उक्त मितिमा फैसला गर्नुपर्दछ । फैसलाको जानकारी दुवै पक्षलाई दिनु पर्दछ ।

- श्रम कार्यालयले कैदको सजाय गर्नु परेमा श्रम अदालतमा जाहेर गरी सो अदालतबाट निकासा भए बमोजिम गर्नु पर्नेछ

- श्रम कार्यालयले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतिस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्नेछ । तर कैदको सजाय तोकिएकोमा सो उपर पुनरावेदन अदालतमा पुनरावेदन गर्नु पर्नेछ ।

**फैसला कार्यान्वयनः**

- पुनरावेदन गर्ने म्याद सकिएपछि फैसला बमोजिम फैसला कार्यान्वयन गर्नुपर्दछ ।

**अनुगमन**

- **सूचना दिनु पर्नेः दफा (५)** अनुसूचीमा उल्लिखित जोखिमपूर्ण व्यवसाय वा कार्य सञ्चालन गरिरहेका व्यवस्थापकले त्यसको जानकारी श्रम कार्यालयलाई दिनु पर्नेछ ।

- अनुसूचीमा उल्लेखित जोखिमपूर्ण व्यवसाय वा कार्यः बालश्रम ऐन

- **स्वीकृति लिनु पर्नेः** (६) कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ ।

- बालकलाई काममा लगाउने स्वीकृति दिंदा श्रम कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालकको शीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरू लगाउन सक्नेछ र प्रतिष्ठानले यसको पालना गर्नु पर्नेछ ।

- प्रतिष्ठानले बालकलाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालकले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्नेछ ।

- योग्यताको प्रमाणपत्र लिन त्यस्तो बालकले गर्नु पर्ने कामको प्रकृति र उमेर समेत उल्लेख गरी श्रम कार्यालयमा निवेदन दिनु पर्नेछ ।

- निवेदन प्राप्त भएपछि श्रम कार्यालयले चिकित्सकद्वारा त्यस्तो बालकको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

- चिकित्सकले तोकिएको ढाँचामा योग्यताको प्रमाणपत्र दिनेछ ।

- योग्यताको प्रमाणपत्र एक वर्ष बहाल रहनेछ ।
- योग्यताको प्रमाणपत्र सम्बन्धित प्रतिष्ठानले चिकित्सकद्वारा नवीकरण गराउनु पर्नेछ ।
- बालकलाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले पन्ध्र दिनभित्र त्यस्तो बालकको फोटो सहित देहायका कुराहरू खुलाइएको विवरण श्रम कार्यालयमा पेश गर्नु पर्नेछः–

  (क) प्रतिष्ठानको नाम र ठेगाना,

  (ख) व्यवस्थापकको नाम र ठेगाना,

  (ग) प्रतिष्ठान सञ्चालन भएको मिति,

  (घ) प्रतिष्ठानद्वारा सञ्चालित व्यवसाय वा कार्य,

  (ङ) बालकको नाम, ठेगाना र उमेर,

  (च) बालकको बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

  (छ) बालकलाई काममा लगाइएको मिति,

  (ज) बालकले गर्नु पर्ने कामको प्रकृति,

  (झ) बालकले पाउने पारिश्रमिकको रकम तथा अन्य सुविधाहरू,

  (ञ) बालकको योग्यताको प्रमाणपत्र, र

  (ट) तोकिए बमोजिमका अन्य विवरणहरू ।

**दर्ता किताब :**

व्यवस्थापकले देहायका कुराहरू खुलाई एउटा दर्ता किताब राख्नु पर्नेछः–

क) बालकको नाम र ठेगाना,

ख) बाबु, आमा वा संरक्षकको नाम र ठेगाना,

ग) जन्म मिति वा उमेर,

घ) काममा लगाएको मिति,

ङ) कामको प्रकृति,

च) काम गर्नु पर्ने समय,

(छ) आराम गर्ने समय,

(ज) पारिश्रमिक तथा अन्य सुविधाहरू,

झ) बालकको योग्यताको प्रमाण पत्र तथा तालिम प्राप्त गरे नगरेको

ञ) काम गर्नुपर्ने समय

ट) विदा सम्बन्धी विवरण

ठ) कामको विवरण

**निरीक्षण तथा कारबाही (दफा १५):** श्रम कार्यालयले समय समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ ।

- दफा १५ बमोजिम निरीक्षण गर्ने कर्मचारीले कुनै प्रतिष्ठानमा यस ऐन विपरीत बालकलाई काममा लगाइएको वा काममा लगाइएका बालकको स्वास्थ्य र सुरक्षाको लागि गर्नु पर्ने व्यवस्था लगायत यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने अन्य सबै व्यवस्थाहरू गरेको छ वा छैन यथार्थ विवरण खुलाई निरीक्षण श्रम कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**कामबाट हटाउने (दफा १६):** दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्दा दफा ३ वा ४ विपरीत बालकलाई कुनै प्रतिष्ठानमा काममा लगाइएको पाइएमा निरीक्षण गर्ने कर्मचारीले यथाशीघ्र त्यस्तो बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउने र बालकलाई कामबाट हटाउन व्यवस्थापकलाई आदेश दिनु पर्नेछ ।

- (२) उपदफा (१) बमोजिम बालकको बाबु, आमा वा संरक्षक नभएमा वा पत्ता नलागेमा त्यस्तो बालकलाई व्यवस्थापकले कुनै बाल कल्याण गृह वा बालकलाई हेरचाह गर्ने कुनै संस्थामा राखिदिनु पर्नेछ ।
- बालकलाई निजको बाबु, आमा वा संरक्षकको जिम्मा लगाउँदा लाग्ने खर्च वा बाल कल्याण गृह बालकलाई हेरचाह गर्ने संस्थामा राख्दा त्यस्तो बाल कल्याण गृह वा संस्थाको नियमानुसार लाग्ने खर्च प्रतिष्ठानले व्यहोर्नु पर्नेछ ।

कार्यान्वयनमा देखिएका समस्या

- बालश्रमका मुद्धा हेर्ने निकाय श्रम कार्यालयमा नै उजुरी नपर्नु ।
- उजुरी लिने निकाय नेपाल प्रहरी हो भन्ने भ्रम रहनु ।
- नेपाल प्रहरीले बालश्रम, घरेलु श्रम समेतका मुद्धा श्रम कार्यालयमा दर्ता नगर्नु ।
- विभिन्न बहनामा जस्तै ज्याला वा पढाई दिएको जस्ता कारण देखाई राख्न पाईन धारण व्याप्त हुनु ।
- राज्यका निकायहरूले जिम्मेवारी बहन नगर्नु ।
- राज्यका निकायहरू साथै सामाजिक संस्थाहरूवीच समन्वयात्मक रूपमा साझा कार्यक्रम लागु हुन नसक्नु
- श्रम कार्यालयले कार्वाही गरी र प्रतिवादीलाई दण्ड सजाय दिलाई  समाजमा संञ्चार गर्न नसक्नु ।

***म्याद तामेलीको नमुना फाराम***

**...................... श्रम कार्यालयबाट जारी भएको**

.................... जिल्ला ...............गा.वि.स.र न.पा. वडा नं. .......... घर नं. ......टोल ............ बस्ने .................................................. को नामको इतलायनामारसमाव्हान ..............................................

..............................................................................................................................................................

उप्रान्त .................... जिल्ला ...............गा.वि.स.र न.पा. वडा नं. .......... .............टोल बस्ने .................. ले तपाईको नाममा मिति ............ मा बालश्रमरघरेलुश्रम मुद्धाको फिराद यस कार्यालयमा दिएको हुँनाले यो फिरादपत्रको नक्कल समेत यसै पत्रसाथ पठाई दिएका छ तसर्थ यो म्याद तपाईले पाए वा कानुन बमोजिम टाँस भएको मितिले बाटाको म्याद बाहेक ३० दिन भित्रमा प्रतिउत्तर पत्र वा कानुन बमोजिमको आफ्नो लिखित प्रमाण समेत लिई दिनको ठिक ......बजे यस कार्यालयमा उपस्थित हुनुहोला । तोकिएको समय भित्र यस कार्यालयमा उपस्थित नभए ऐन बमोजिम पुर्पक्ष हुनेछ ।
इति सम्वत् ..............साल ............महिना ......गते रोज .......... शुभम् ..................

तामेली मिति ............................

**म्यादवालाले बुझिलिएकोमा**

यसै बमोजिमको मेरो नामको जारी भएको एक प्रति म्याद र उजुरीर फिरादपत्रको प्रतिलिपि म आफैले बुझिलिएँ भनि सही छाप गर्ने .........................................

**म्यादवालाको एकाघरको मानिसले बुझिलिएकोमा**

यसै बमोजिमको एक प्रति म्याद र उजुरीर फिरादपत्रको प्रतिलिपि म्यादवाला ...................... को एकाघरको ..................... नाताको बर्ष ............ को ......................ले बुझिलिएँ भनि सही छाप ............................

**म्यादवालाको घर दैलोमा टाँस भएकोमा**

म्यादवाला ........................ र निजको एकाघरको उमेर पुगेका मानिस फेला नपरेकोर बुझ्न इन्कार गरेकोले निजको नामको यसै बमोजिमको एक प्रति म्याद र उजुरीर फिरादपत्रको प्रतिलिपि समेत हामी देहायका साक्षीका रोहवरमा निजको घरदैलोमा सवैले देख्ने गरी टाँसी दिएको ठिक छ भनि सही गर्ने हामी देहायका मानिसहरू ।

**बेपत्ते तामेली भएकोमा**

यसै बमोजिमको म्यादवाला मानिस निजको घर समेत खोज तलास गर्दा फेला नपरेकोले निजका नामको एक प्रति म्याद सम्बन्धित वडाको ........................... गाँऊ वा टोलको सार्वजनिक ठाऊँमा टाँस गरी उजुरीर फिरादपत्रको प्रतिलिपि र तामेली म्याद फिर्ता पठाएका छौ भनि सही छाप गर्ने देहायका मानिसहरू:

**साक्षी**

उपरोक्त बमोजिम हामीहरूको रोहवरमा म्याद तामेली भएको ठीक हो भनि सही गर्ने :
१. ..............जिल्ला ............ गा.वि.स.रन.पा. वडा नं. ........टोल बस्ने बर्ष ........ ............................................... ।
२. ..............जिल्ला ............ गा.वि.स.रन.पा. वडा नं. ........टोल बस्ने बर्ष ........ ............................................... ।

रोहवर
..............जिल्ला ........... गा.वि.स.रन.पा. का सदस्यरअध्यक्षरउपाध्यक्षरसचिव ....................................................

**घर दैलोमा टाँस भएकोमा**

यसै बमोजिमको एक प्रति म्याद यस .......................... गा.वि.स.रन.पा. को कार्यालयको सूचना पाटीमा टाँस भएको छ ।

...........................

(कर्मचारी वा पदाधिकारी)

**..................... श्रम कार्यालयका प्रमुख ...... समक्ष प्रतिवादी ..............ले गरेको बयान कागज**

सवाल १) तपाईको बाजे, बुवाको नाम र तपाईको नाम थर उमेर पेशा वतन खुलाई दिनुहोस् ।

जवाफ (१) ............................................... ..............................

सवाल (२) तपाई आज यस कार्यालयमा किन उपस्थित हुनु भएको हो ?

जवाफ (२) .............................................................................

सवाल (३) तपाईले यस भन्दा अघि कुनै कसुरमा सजाय पाउँनु भएको छ?

जवाफ (३) ............................................... ...................

सवाल (४) तपाई बादी तथा पीडित बालक वा बालिकालाई चिन्नु हुन्छ? पुर्व रिसिवि वा लेनदेन केहि छ वा छैन ?

जवाफ (५) तपाईले पीडित ...... लाई बालश्रमिकको रूपमा राख्नु भएको भन्ने आरोप छ ? के कसरी कुन प्रयोजनको लागि राख्नु भएको हो ?

सवाल(५) ..........................................................................

..

सवाल (...) तपाई अन्य कुरा केहि भन्न बाँकी छ?

जवाफ (....) ...................................

इति सम्वत २०६९ साल ........महिना .....गते रोज .........शुभम् ...................

**...................... श्रम कार्यालयका प्रमुख ...... समक्ष पीडित बालकरबालिका ...............ले गरेको बकपत्र**

सवाल १) तपाईको बुवा आमाको नाम र तपाईको नाम थर उमेर पेशा वतन खुलाई दिनुहोस् ।

जवाफ (१) ........................................................ ..................................

सवाल (२) तपाई आज यस कार्यालयमा किन उपस्थित हुनु भएको हो ?

जवाफ (२) .........................................................................................

सवाल (३) तपाईले यस भन्दा अघि कुनै कसुरमा सजाय पाउँनु भएको छ?

जवाफ (३) ......................................................... .......................

सवाल (४) दुवै पक्षसँग तपाईको चिनजान कारोवार, नाता इवी वा झगडा छ वा छैन ?

जवाफ (४) .....................................................

सवाल (५) तपाईले झुट्टा बकेबापत सजाय पाएको छ छैन ?

जवाफ (५) ..................................................................................

सवाल (६) तपाईलाई प्रतिवादीको प्रतिष्ठानरघरसम्म के कसरी आईपुग्नु भएको हो? प्रतिवादीको घरमार प्रतिष्ठानमा बस्दा के के काम कति समय गनुपर्थ्यो ? विद्यालय पढ्न पाउनु भएको छ छैन ?

जवाफ (६) ...................................

सवाल (...) तपाई अन्य कुरा केहि भन्न बाँकी छ?

जवाफ (....) .........................................

इति सम्वत २०६९ साल .......महिना .....गते रोज .........शुभम् .....................

| **उपलब्ध गराउनुपर्ने सेवा** | **उपलब्ध गराउन सक्ने निकाय** |
|---|---|
| परिवारमा पुनर्स्थापना | श्रम कार्यालय, नेपाल प्रहरी |
| निःशुल्क शिक्षा | जि.शि.का. |
| | |

## बालसंरक्षणको लागि कार्यक्रम योजना

जिल्ला :.......................................................................................................

| के गर्ने ? | कहिले गर्ने ? | कहाँ ? | कसरी गर्ने ? | जिम्मेवारी ? |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

❖❖❖